# नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान

## आवेदक विद्यार्थीहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरु

### १. सम्पुर्ण बिद्यार्थीहरुले आवेदन फारमका साथ पेश गर्नुपर्ने कागजातहरु

(क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को एक प्रति रंगीन फोटो ।

(ख) एस.एल.सी. वा प्राविधिक एस.एल.सी वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांक–पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।

(ग) नागरकिता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(घ) नेपाल बाहेक अन्य मुलुकबाट फाराम भर्नेको हकमा पासपोर्टको प्रतिलिपी ।

(ङ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता (equivalent) निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

### २. पूर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने परीक्षार्थीहरुले पेश गर्नपर्ने **थप** कागजपत्रहरु

(क) सरकारी वा सामूदायिक विद्यालय, परिषद् र त्रिभुवन विश्व विद्यालयको आंगिक शिक्षण संस्था हो भनि क्रमशः सम्बन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय वा सम्बन्धित विद्यालय, परिषद् शिक्षालय र त्रिभुवन विश्व विद्यालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको अनुसूची ३ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयहरुवाट प्रमाणित गरिएको वा दलित परिचयपत्रको प्रमाणित प्रतिलिपी ।

(ग) मधेशी/मुस्लिमहरुको हकमा सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(घ) आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको अनुसूची ४ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिका कार्यालयहरुवाट/जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ङ) पिछडिएको दुर्गम क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाटनै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(च) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२।६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(छ) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचयपत्रको प्रमाणित प्रतिलिपी ।

(ज) पूर्व कमैया/हलीयाहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(झ) विपन्न वर्गको हकमा आवेदन फाराम भर्ने मिति भित्रको सम्वन्धित पालिकाको कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रमाणित प्रतिलिपी ।

(ञ) एकल महिलाको हकमा सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

## ३. NAIHS छात्रवृत्तिको लागी आवश्यक थप कागजपत्रहरु

(क) पिछडिएको दुर्गम क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) सरकारी वा सामूदायिक विद्यालय, परिषद् र त्रिभुवन विश्व विद्यालयको आंगिक शिक्षण संस्था हो भनी क्रमशः सम्बन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय वा सम्बन्धित विद्यालय, परिषद् शिक्षालय र त्रिभुवन विश्व विद्यालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) विपन्न वर्गको हकमा आवेदन फाराम भर्ने मिति भित्रको सम्वन्धित पालिकाको कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रमाणित प्रतिलिपी ।

## ४. सैनिक तर्फ आवश्यक थप कागजपत्रहरु

(क) बहलवाला सैनिकको लागि युनिटको पत्र ।

(ख) अवकाश प्राप्त सकल दर्जाको लागि पेन्सन पट्टा र नाता प्रमाणितको प्रतिलिपी ।

(ग) विरगती / कर्तव्य पालनाको सिलसिलामा अथवा अशक्तको हकमा पेन्सन पट्टा र नाता प्रमाणिको प्रतिलिपी ।

## नोट :

(क) विद्यार्थीले फाराम भर्दा आवेदन फाराम र फोटोमाथी पर्ने गरि दस्तखत गर्नुपर्ने छ ।

(ख) फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु विद्यार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगर्ने र आवश्यक कागजात पेश नगर्ने विद्यार्थीहरुको फाराम रद्ध हुनेछ ।

(ग) नर्सिङ् महाविधालयतर्फ आवेदन फारम शुल्क रु. ८००। (आठ सय रुपैंया मात्र) लक्ष्मी बैक लि. (न्यूरोड शाखा) को नाम NAIHS-College of Nursing (Revenue A/C) खाता नं ०१०११००२२२८ मा जम्मा गराई भौचर आवेदन फारम साथै संलग्न गर्नुपर्ने छ ।

(घ) कलेज अफ मेडिकल पोलिटेक्निक तर्फ सामान्य चिकित्सा, फार्मेसी, रेडियोग्राफी, मेडिकल ल्याब टेक्नोलोजी र फिजियोथेरापी तर्फ आवेदन फाराम शुल्क रु. ८००। (आठ सय रुपैंया मात्र) लक्ष्मी बैक लि. खाता (खुशिवु शाखा) को नाम

NAIHS-COMP (Revenue A/C) खाता नं. ०४९११०००६६१ मा जम्मा गराई भौचर आवेदन फारम साथै संलग्न गर्नुपर्नेछ ।

(ङ) **नर्सिङ् कार्यक्रमको हकमा** आवेदन फारामको साथै सम्पुर्ण कागजातहरु नर्सिङ् महाविधालयको Email address : con@naihs.edu.np मा पठाउनु पर्नेछ ।

(च) **अन्य कार्यक्रमको हकमा** आवेदन फारामको साथै सम्पुर्ण कागजातहरु पोलिटेक्निक महाविधालयको Email address : comp@naihs.edu.np मा पठाउनु पर्नेछ ।

(छ) **सैनिक तर्फको जुनसुकै कोटाहरुमा आवेदन दिने विद्यार्थीहरुले CTEVT को फारामको अलावा Army Scholarship Form समेत अनिवार्य भर्नुपर्नेछ ।**